# समाचार सन्देश

वर्ष १७, अङ्क ४ आई.पी.एस्. लेख रचनाको सँगालो, चैत १९–बैशाख २, २०६५ (अप्रिल १–१५, २००९)


# काबुल सहर धुलो र धुँवाको चपेटामा

– आनन्द गोपाल

काबुल (आई.पी.एस्./एन्.पी.आई.) – काबुलका सडकमा सबैजसो दिन धुँवा र धुलोको बादलले ढाकिएको हुन्छ। यसले अनुहारै छोप्छ, आँखा पोल्छ र हातमा फोका उठ्छ। सहरको भिडभाडमा हुईंकिने कारहरूको प्रायश: बम्परसम्म नै धुलोले ढाकेको हुन्छ र टाढाका हिमालहरूको दृश्य समेतलाई यसले छेक्छ।

"मेरो साथी र म भेट हुनासाथ घरभित्रै बस्न रुचाउँछौं" काबुल निवासी हबिब जहोरी भन्छन्, "किनभने हामीहरू बाहिरको हावामा धेरै समय उभिन नै सक्दैनौं।"

काबुलमा सबैभन्दा ठूलो हत्यारा तालिवानीहरू नभई वायु प्रदुषण भएको छ। विज्ञहरूले विश्वमै सबैभन्दा बढी प्रदुषित सहर काबुल रहेको विचार राख्छन् र समस्याको व्यापकताले ठूलै सरकारी अभियानलाई आमन्त्रण समेत गरेको छ।

"वायु प्रदुषण नै यहाँको ठूलो समस्या हो" अफगानी स्वास्थ्य मन्त्रालयमा वातावरणीय स्वास्थ्यसम्बन्धी निर्देशक अमानुल्लाह हुसेनी बताउँछन्। "यसले धेरै किसिमका रोग निम्त्याएको छ - श्वासप्रश्वास, एलर्जी, तुहाई र अर्वुद रोग।"

मन्त्रालयले ५० लाख जनसंख्या रहेको काबुलमा मात्र वर्षेनि झण्डै तीन हजार मानिसको प्रदुषण-सिर्जित रोगका कारण मृत्यु हुने गरेको अनुमान गरेको छ जुन स्वाभाविक मृत्युको सबैभन्दा ठूलो कारण भएको छ। राष्ट्रिय वातावरण संरक्षण एजेन्सी (नेपा) नामको सरकारी निकायका अनुसार काबुल अस्पतालका झण्डै ८० प्रतिशत विरामीहरू प्रदुषित हावा र पानीका कारण उत्पन्न रोगहरूबाट पीडित छन्।

साना कणको (२.५ माइक्रोमिटर वा त्यसभन्दा साना) स्तरमा १० माइक्रोग्राम प्रति क्युविक मिटरको दरले बृद्धिसँगै "हरेक वर्ष कार्डियोभास्कुलर मृत्युमा छ प्रतिशत र फोक्सोको क्यान्सरमा आठ प्रतिशतले बृद्धि भएको छ", स्वास्थ्य मन्त्रालयको हालैको प्रतिवेदनले औंल्याएको छ।

नेपाका अनुसार काबुलमा प्रति क्युबिक मिटर कणको मात्रा छिमेकी मुलुकका सहरको भन्दा तीन गुणा बढी छ।

एवम् प्रकारले औद्योगिक राष्ट्रको तुलनामा फरक अझ बढी विस्तृत छ। खतरनाक तत्व नाइट्रोजन डाइअक्साइडको मापनले प्रति दशलाखमा ५२ अंशको तह देखाएको छ जबकी यस्तो मापन गर्दा संयुक्त राज्य अमेरिकामा प्रति दशलाखमा ०.५३ को तह देखाएको छ।

सन् १९८० को दशकमा काबुल सहर हरियाली र सफा हिमाली वायुले आकर्षक थियो। तर वर्षौंको युद्ध, सार्वजनिक सेवाको समाप्ती र जनसंख्या बृद्धिका कारण यो सहर वातावरणीय प्रदुषणको चपेटामा नराम्रोसँग डुब्यो जुन विश्वमा यदाकदा मात्र देख्न सकिन्छ।

सहरमा सडक अबरुद्ध गर्ने सबैभन्दा ठूला कसुरदार भनेकै ९००,००० गाडीहरू हुन्, नेपाका उपनिर्देशक दाद मोहम्मद बाहिर बताउँछन्। "यीमध्ये ८० प्रतिशतभन्दा बढी त दश वर्षभन्दा बढी पुराना छन्"

## अनुरोध

**'समाचार सन्देश' का सामग्री पुन: प्रकाशन/प्रसारणका लागि तयार पारिएका हुन्।**

**हामी सबै क्षेत्रबाट रचनात्मक सुझाव, सल्लाह र प्रतिक्रियाको अपेक्षा गर्दछौं।**

**– सम्पादक**

उनी भन्छन् । सहरका अधिकाँशले नयाँ कार लिन सक्दैनन् र पुराना कारमा प्रदुषण कम गर्ने तथा हानिकारक उत्सर्जनलाई सीमित गर्ने किसिमका अन्य उपयुक्त प्रविधिका यन्त्रहरूको कमी छ ।

यी कारहरू अधिकाँशत: फोहोर र पैदलयात्रीका निम्ति नछुट्याइएका कच्ची सडकमा कुदाइन्छन् किनभने काबुलका अधिकाँश सडकहरू कालोपत्रे छैनन् । सवारीसाधनले प्रशस्तै धुलो उडाउँछन् जुन अर्को वर्षा नहुँदासम्म उडिरहन्छ । यसले पैदलयात्रीलाई धेरै खतरामा पार्दछ ।

यसबाहेक, अफगानिस्तानले न्यून गुणस्तरको इन्धन आयात गर्दछ जसलाई सरकारी अधिकारीले “फोहोर इन्धन” भन्छन् । यस्ता इन्धनबाट निस्कने फोहोरले सिसा समेतका वातावरणमा प्रदुषित गर्ने तत्वहरूलाई थुपार्छ । नेपाका अनुसार, दुई सय मानिसको रक्त नमूना सङ्कलन गरेर उनीहरूको रगतको परीक्षण गर्दा ८० प्रतिशतमा उच्चस्तरको सिसा पाइएको थियो ।

“मलाई थाहा छ यस इन्धनले हावामा समस्या निम्त्याउँछ” पेट्रोल स्टेशनका सञ्चालक साइद फरहाद बताउँछन् । “साँझपख मेरो आँखा पोल्छ । तर मैले जीवन चलाउनुछ ।”

यस मुलुकको उत्तरी क्षेत्रका लागि धेरैजसो पेट्रोलियम पदार्थ तुर्कमेनिस्तान र पश्चिमका लागि इरानबाट भित्रिन्छ तथा व्यापारीहरूले बढी नाफा कमाउन सकेसम्म अत्यन्त न्यूनस्तरको पेट्रोलियम पदार्थ आयात गर्छन् । “हाम्रा व्यापारीहरू बढी धन आर्जन गर्न चाहन्छन्” बाहिर बताउँछन् । “तिनीहरूले मानिसको जीवनप्रति केही पनि ध्यान दिँदैनन् । तिनीहरू आफैंमात्र फाइदा लिन चाहन्छन् ।”

विद्युतको अनियमितता हुने काबुलमा रातभर डिजेल जेनेरेटरको व्यापक प्रयोग हुने गर्दछ । नेपाले कुनै पनि रात २००,००० भन्दा बढी यस्ता जेनेरेटरको पट्यारलाग्दो आवाजसँगै अझ बढी प्रदुषणयुक्त तत्वहरू हावामा मिसाउने बताएको छ ।

अर्को समस्या भनेको काबुलको जनसंख्यामा भएको बृद्धि हो । यो सहर ५००,००० मानिसका निम्ति प्रारूप गरिएको भए पनि घरहरू झण्डै ५० लाख छन् जसमा अधिकाँश शरणार्थी छन् । उनीहरू सन् २००१ नोभेम्बरमा अमेरिकी नेतृत्वको सेनाबाट तालिवानी सत्ता ढलेपछि काबुलमा आएका हुन् ।

काबुलले दैनिक झण्डै २,००० टन ठोस फोहोर उत्पादन गर्दछ जबकी यसको समाधान गर्ने क्षमता ४०० टन मात्र छ, बाहिर बताउँछन् । यसबाहेक, “मैले बुझेसम्म विश्वमा काबुल नै यस्तो राजधानी सहर हो जहाँ ढलको प्रणाली नै छैन” उनी भन्छन् ।

समस्याको स्तर यति ठूलो छ कि राष्ट्रपति हमिद कारजाईले हालैमात्र यस समस्यासँग जुध्नका निम्ति एउटा विशेष कार्यदल गठन गरेका थिए । नेपाले प्रदुषणको कारणलाई सम्बोधित गर्ने प्रयासमा मन्त्रालयहरूको समूहलाई नेतृत्व गरिरहेको छ जसले मुलुकभित्र आयात भइरहेको फोहोर इन्धनबाटै काम थालेको छ ।

सरकारका नयाँ नियमहरूले व्यापारीहरूलाई न्यूनस्तरको इन्धन आयात गर्नबाट रोक्न कोशिस गरेको छ । एउटा प्रमण्डलले तुर्कमेनिस्तानको पेट्रोलियम मन्त्रालयको समेत भ्रमण गरिसकेको छ र यस्तो अभ्यासलाई रोक्नेतर्फ सहयोग गर्न प्रतिज्ञा गराएको छ ।

सीमाक्षेत्रमा समेत सरकारले मुलुकभित्र आउने वाहनहरूको जाँच गर्ने र उत्सर्जन मापदण्ड पूरा गरेको सुनिश्चित गर्न अनुगमन केन्द्रहरू स्थापना गरिरहेको छ । “अर्को कुरा, हामीले मुलुकमा पहिल्यैदेखि सञ्चालित वाहनहरूको जाँच गर्ने योजना बनाइरहेका छौं” बाहिर बताउँछन्, “हामीले उत्सर्जनको अध्ययन गर्दछौं र सवारीधनीलाई आफ्ना साधनलाई सुधार गर्न भन्नेछौं ।”

काबुल सहर सरकारले समेत सहरमा खासगरी जतातत्तै भेटिने पाउरोटी बनाउने काठेचुल्होजस्ता अन्य प्रकारका प्रदुषणकारक तत्वहरूलाई नियन्त्रण गर्ने कार्य सञ्चालन गरिरहेको छ । अधिकारीहरूले सहरमा २,४०० भन्दा बढीले यस्तै पाउरोटी बनाउने चुल्होको प्रयोग गरिरहेको बताएका छन् । खासरूपमा यी स्थानको वरिपरिको हावामा मिसिएको धुँवाले बसिनसक्नु बनाउँछ ।

विश्लेषकहरू सहरका निम्ति विस्तृत सहरी योजना कार्यक्रम नै बढी उपयोगी समाधान हुने बताउँछन् । काबुलमा आज खुला ढल लमतन्न परेको देखिन्छ । यहाँ गैर कानुनी बसोबास गर्ने, सार्वजनिक जमिनमा बस्ने, फोहोर फालिएका सडक र बन्द सडकका कारण असरल्ल भिडभाड देखिन्छ । यस सहरसँग लाखौं नयाँ आवास खोज्नेहरूलाई विस्तृत योजना नै छैन, बाहिर भन्छन् ।

यसैबीच, काबुलको सडकमा देखिने एउटा सामान्य दृश्य भनेकै सडक व्यापारी र नाक मुख छोपेर हिँड्ने सुरक्षाकर्मी हुन् । “मेरो चाहनाको सूची बनाउने हो भने” जहोरी भन्छन्, “सफा हावामा सास फेर्नु नै सबैभन्दा उच्च कुरा हुन्छ ।”

# साहसी महिला माईको विवाहले पाकिस्तानमा हलचल

– जोफिन इब्राहिम

कराँची (आई.पी.एस्./एन्.पी.आई.) – बलात्कारीलाई अदालत समक्ष उभ्याएर विश्वव्यापी चर्चा कमाएकी पाकिस्तानकी मुख्तरान माईले गत महिना विवाहित प्रहरीसँग आफूले विवाह गर्ने घोषणा गरेकी छन् ।

आफ्ना पूर्व अंगरक्षक ३० वर्षीय अब्बास गाबोलले आत्महत्या गर्ने धम्की दिएपछि विवाह गर्नुबाहेक आफूसँग अर्को विकल्प नरहेको माईले बताइन् । उनका बाबुआमा र पहिलो श्रीमती साहलाले विवाहको प्रस्तावलाई स्वीकार गर्न बिन्ती गरेका थिए ।

घोषणाले मुलुकभित्रका महिला र अधिकारकर्मीको समूहमा तरङ्ग उत्पन्न गराएको थियो । परम्परा र पितृसत्ताका बिरुद्ध सात वर्षसम्म साहसपूर्ण संघर्ष गर्ने माई अकस्मात अब मोडल र प्रतिभा रहिनन् ।

"मुख्तरान माई राष्ट्रिय प्रतिभाबाट तल झरेकी छिन्, मिडियाबाट समेत ओझेलमा परेकी छन्" गैर सरकारी संस्था शिरकात गहका संस्थापक सदस्य कराँचीस्थित नज्मा सादेकले बताइन् । "सबैले यही चाहन्थे कि उनले यस्तो नगरेको भए हुन्थ्यो" प्रजातन्त्र समर्थनका मुद्दाका सम्बन्धमा सक्रियरूपमा अभियान चलाउँदै आएकी व्यापारिक परामर्शदाता नाइम सादिक भन्छिन् ।

माईलाई "अद्वितीयरूपमा साहसी महिला" सम्झने सादिकले उनको विवाहबाट "उनले बहुविवाहलाई प्रोत्साहित गरिरहेको" सन्देश जाने कुराबाट चिन्तित छिन् ।

पञ्जाव प्रान्तको मिरवाला गाउँकी गुज्जर आदिवासी यी माईलाई आफ्नै भाई सकुरले गरेको तथाकथित अपराधको सजायस्वरूप सन् २००२ मा गाउँ परिषद्को आदेशमा उच्च मास्तोई जातिका पुरुषबाट बलात्कार गरिएको थियो ।

रुढीवादी यी गाउँघरमा परम्पराकै रूपमा रहेको आत्महत्या गर्नुको सट्टा उनले बलात्कारीहरूलाई अदालतसमक्ष पुऱ्याइन् । तेह्रजना अहिले पनि जेलभित्रै छन् र यो मुद्दा अदालतमा अझै विचाराधीन छ ।

चारजना केटाकेटी भएका एक पुरुषसँग मार्च १५ मा उनको विवाह भएको समाचार सार्वजनिक व्यक्तित्वमाथिको एउटा दाग हो जो विश्वव्यापी रूपमै साहसको प्रतीक बनेकी थिइन् । "हेर्नुहोस्, म मेरो कार्यका बारेमा व्याख्या गर्न गइरहेकी छैन । म सबैलाई सधैंभरी खुशी पार्न सक्दिन । समयले मात्र प्रमाणित गर्नेछ कि जे मैले गरिरहेकी छु त्यो मेरो गन्तव्य हो" मिरवालाबाट टेलिफोनमा उनले आईपीएसलाई बताइन् । माईले जे गरेकी छन् त्यो उनको विवाह गर्ने अधिकारको प्रयोग हो र यसलाई ईस्लाम एवम् पाकिस्तानी संहिता कानुनले सम्मान गरेको छ ।

ईस्लाममा पुरुषहरूलाई बहुविवाह गर्ने अनुमति दिएको छ । तर अधिकतम चारपटकसम्म विवाह गर्न पाउने पुरुषहरूले प्रायश: कानुनको उपहास गरी आफ्ना श्रीमतीहरूलाई समानताको नाममा दुर्व्यवहार गर्दछन् । "मैले यसलाई जुन कोणबाट हेरे पनि र इच्छित विवाह नै भए पनि मेरो विचारमा उनले विवाह गर्नु हुँदैनथ्यो किनभने यसले पहिलो श्रीमतीलाई तत्कालै दोस्रो दर्जा, कमजोर र जोखिमको स्थितिमा पुऱ्याउँछ" गलत सन्देशको उदाहरण प्रवाहित गर्ने भन्दै यस घटनाको विपक्षमा उभिएकी सादिकले भनिन् ।

"उनलाई सहयोग गर्नेहरूलाई समेत यो कामले चित्त दुखाएको मैले ठानेकी छु" उनी अगाडि भन्छिन् ।

महिलाको स्थिति सम्बन्धी राष्ट्रिय आयोगका अध्यक्ष अनिस हारुनको भने बेग्लै धारणा छ । "माई दरिलो महिला हो तर महिलावादी होइनन् । उनी अर्की महिलाको अधिकारमाथि

ज्यादती गरेको कुरा बुझ्न असफल भएकी छन् । यो कुरा बुझेकी भए उनले ती स्वार्थी पुरुषसँग विवाह गर्ने दबाब झेल्नसक्नेथिइन् ।"

माईले आफ्नो निर्णयको प्रतिवाद गरेकी छन् । गाबोलसँग विवाहका सम्बन्धमा उनी भन्छिन्, "मैले तीनजना महिला र ११ जना बालबालिकालाई बचाएकी छु ।" यसको सन्दर्भ पञ्जाबको ग्रामीण इलाकामा दुर्दान्त अभ्यासको रूपमा परिचित "वट्टा सट्टा" अर्थात सट्टापट्टा विवाहसँग सम्बन्धित छ । गाबोलका दुईजना दिदीहरूले आफ्नो पहिलो श्रीमतीका परिवारसँग विवाह गरेका छन् । उसले पहिलो श्रीमतीलाई पारपाचुके गरेको भए उसका तीनतीन जना केटाकेटी रहेका दुवै दिदीहरू अपमानित भएर घरबाट निस्कन पर्थ्यो ।

के ठेगान छ उसले तेस्रो वा चौथो विवाह गर्दैन भन्ने ? "खोलो तर्न मेरो अगाडि पुल भए म त्यो प्रयोग गर्दछु" माई भन्छिन् । गाबोलको पहिलो श्रीमतीको चाहनालाई विवाह अघि सम्झौतामार्फत् आफूले सुरक्षित गरेकोमा उनी जोड दिन्छिन् । उसले मिरवालाबाट १५ किमी टाढाको अलिपुर गाउँमा हप्ताको पाँचदिन साहला र उनका तीनजना केटाकेटीसँग विताउने सम्झौता गरेको छ, उनी भन्छिन् ।

"आफ्नो पहिलो श्रीमती बसिरहेको घरजग्गालाई उनैको नाममा स्थानान्तरण गरिएको छ । उसको सम्पूर्ण आय सोझै त्यहीं पुग्छ र मलाई त्यसको कुनै भाग चाहिएको पनि छैन" उनी घोषणा गर्दछिन् ।

माईले विवाह अघि गरेको सम्झौतालाई यस्तो मुलुकमा कसरी कार्यान्वयनमा ल्याउन सक्छिन् जहाँ महिलालाई पुरुषहरूले आफ्नो सम्पत्तिको रूपमा लिन्छन् र यो प्रश्न उठ्नसक्ने विषय हो ।

माईका सल्लाहकार एवम् पाकिस्तान मानव अधिकार आयोगसँग आबद्ध वकिल रसिद रहमानले समझदारी पत्र भन्दै विवाह अघिको सम्झौतामा हस्ताक्षर भएको आईपीएसलाई फोनमा बताए । "यसमा माईद्वारा सञ्चालित गैर सरकारी संस्था (मुख्तार माई महिला कल्याण संगठन) को कार्यमा उसले अवरोध गर्ने छैन र एक महिनामा पाँचदिन भन्दा बढी समय उनीसँग विताउने छैन तथा पहिलो श्रीमतीलाई बस्दै आएको घर, जमीन र १०,००० रूपैंया (करिब १२० डलर) अर्थात आफ्नो मासिक तलबको ८० प्रतिशत (१६० डलर) दिनेछ भन्ने उल्लेख छ" रहमानले बताए ।

कराँचीस्थित हमदर्द विश्वविद्यालयमा कानुन संकायका प्रमुख रहेका प्रोफेसर अकमाल वासिमका अनुसार "मुस्लिम महिलाले निकाहानामा (विवाह करार) मा हस्ताक्षर गर्नुअघि आफूलाई सुरक्षित बनाउन र विवाहको क्रममा समेत आफ्नो भलाईका निम्ति निश्चित सर्तहरू राख्ने अधिकार छ । यसलाई तकलिक भनिन्छ ।"

"उनीसँग पछिल्ला चरणहरूमा थप सर्तहरू समेत प्रस्तुत गर्ने वा सच्याउने अधिकार हुन्छ" जोर्डानी, सिरियाली र इराकी कानुनबाट उदाहरण उद्धृत गर्दै उनी थप्छन् । "यस करारको उल्लङ्घन भएमा माईले पारपाचुके गर्ने अधिकार राख्छिन्" उनी भन्छन् ।

उनका कानुनी सल्लाहकार रहमान कारण दिँदै भन्छन्, "केही महिना अघिसम्म मुद्दा फिर्ता लिन वा अदालत बाहिरबाटै समस्या सुल्झाउन प्रभावशाली सांसदहरूबाट उनीमाथि दबाब आएको थियो ।" यस आरोपका सम्बन्धमा ईस्लामाबादमा फेब्रुअरी ६ मा आयोजित पत्रकार सम्मेलनमा उनले यस कुरालाई सार्वजनिक गरेकी थिइन् र खासगरी सङ्घीय रक्षा मन्त्री सरदार अब्दुल कयुम जटोईले आफूमाथि दबाब दिएको उनले आईपीएसलाई बताएकी थिइन् ।

"मन्त्रीले मेरा काका गुलाम हुस्सैनलाई मस्तोई जातिका अपराधीमाथिका आरोपहरू फिर्ता लिनुपर्दछ भनेका थिए जो पञ्चायत (गाउँ परिषद) को फैसलामा संलग्न थिए वा सामुहिक रूपमा मलाई बलात्कार गरेका थिए" उनले अंग्रेजी भाषी डेली टाइम्स पत्रिकालाई बताएकी छन् ।

मन्त्रीले भने यस आक्षेपलाई अस्वीकार गरेका छन् ।

आफ्नो संस्थाका निम्ति पाकिस्तान र विदेशबाट आएको दानमा श्रीमान्‌को कुनै दाबी नहुनेतर्फ सुनिश्चित गर्न माई सचेत छिन् । उनको गैससले मिरवालाका तीनवटा प्राथमिक विद्यालय चलाउँछ - तीमध्ये दुईवटा केटीहरूका लागि छन् । यी विद्यालयमा ६०० बालिका र १०० बालक अध्ययनरत छन् । महिलाका निम्ति आश्रयस्थल स्थापना गरिएको छ भने कानुनी सहायता उपलब्ध गराउन स्रोतकेन्द्र सञ्चालित छ । साथै, घरदैलोमा उपचार सेवा पुऱ्याउन एउटा घुम्ती स्वास्थ्य क्लिनिक समेत छ ।

"यो विवाह मेरा लागि केही पनि होइन, मात्र पारपाचुके गर्ने अधिकार" उनी भन्छिन् । तर यसमा कोही पनि विश्वस्त छैनन् ।

# थाइल्याण्डमा दशहजार इन्टरनेट साइटमा सर कारी निगरानी

– मारवान माकन-मार्कर

बैंकक (**आई.पी.एस्. / एन्.पी.आई.**) – अदालतले स्वभाविक सन्देश सहित कठोर सजाय दिएपछि सुविचा थाखोरको थाई कारागारको डरलाग्दो जीवनले निरन्तरता पाउने भएको छ - थाइल्याण्डमा स्वतन्त्र अभिव्यक्तिलाई सीमित गर्ने उद्देश्यका साथ इन्टरनेटमाथि प्रहरी निगरानी थालिएको छ ।

अप्रिल ३ मा फौजदारी अदालतले तीनजना केटाकेटीका बाबु ३४ वर्षिय यी व्यक्तिलाई थाइल्याण्डको शाही परिवारलाई होच्याउने मनसाय राखी इन्टरनेटमा एउटा तस्वीर राखेको अभियोगमा १० वर्षका निम्ति कारागारको सजाय दिएको छ । सुविचाको सजाय - प्रारम्भमा अधिकतम २० वर्षको दिइएको थियो तर पछि यसलाई आधा गरियो - ले यस दक्षिण-पूर्वी एसियाली मुलुकमा ब्लगरले आफ्ना धारणाहरू अभिव्यक्त गरेमा अन्य मुलुकको जस्तैगरी सजाय भोग्नुपर्दछ भन्ने सङ्केत दिएको छ । यस्तो सजाय पश्चिमको छिमेकी सैनिक शासित मुलुक बर्मामा समेत छ ।

विशिष्ट प्रकारको यस मुद्दामा फैसला गर्दा समेत तीनजना न्यायाधीशको इजलासले खुला सुनुवाईको विधि अपनाएको थिएन जबकी प्रायश: अन्य फौजदारी मुद्दाको सुनुवाईमा खुला सुनुवाई गरिन्छ । अदालतको च्याम्बरमा उपस्थित सञ्चारकर्मीलाई कारवाही प्रक्रियाका बारेमा टिपोट गर्न दिइएको थिएन । अदालतले समेत मानहानीसम्बन्धी तस्वीर कसरी परीक्षण गरिएका थिए भनेर केही बताएको छैन ।

सुविचाले गरेको अपराध भनेकै सन् २००७ को कम्प्युटर अपराध कानुनको उल्लङ्घन समावेश थियो, यो कानुन थाईल्याण्डमा सन् २००६ सेप्टेम्बरमा सैनिकले सत्ता लिएपछि कार्यान्वयनमा आएको थियो । मुलुकका साइबर समुदायको स्वतन्त्रतालाई तहसनहस गर्ने भनेर आलोचित यस कानुनले उल्लङ्घनकर्तालाई बढीमा पाँच वर्षको कारागारमा पठाउन सक्ने व्यवस्था गरेको छ ।

उनीमाथि शाही राजपरिवारसम्बन्धी क्रुर कानुन तोडेको आरोप छ जसलाई सम्मानित शाही परिवारको प्रतिष्ठामा आँच पुऱ्याउने उद्देश्यले विचार अभि( व्यक्त गर्ने कुनै पनि व्यक्तिमाथि मुद्दा चलाउने गरी विगत १०० वर्षदेखि कानुन संहितामा समावेश गरिएको छ । उल्लङ्घनकर्ताले अधिकतम १५ वर्षको कारागार सजायको सामना गर्नुपर्दछ ।

“राजद्रोहसम्बन्धी अपराधका लागि हालैका समयमा दिइएको यो सबैभन्दा लामो सजाय हो” राजसंस्थाप्रतिको अनादर सम्बन्धमा थाई कानुनी व्यवस्था सम्बन्धमा लेख्दै आएका अमेरिकी प्राज्ञ डेभिड स्ट्रेकफस बताउँछन् ।

“राष्ट्रिय सुरक्षा वा राज्यद्रोहसँग सम्बन्धित कम्प्युटर अपराध ऐन अन्तर्गत इन्टरनेट उपयोगकर्ताका लागि यो पहिलो मुद्दा हो” थाईल्याण्डमा इन्टरनेट उपभोगकर्ताको अधिकारका लागि सक्रिय थाई नेटिजेन्स नेटवर्कको नेतृत्व गरिरहेका मिडिया अधिकार सम्बन्धी अभियानकर्ता सुपिन्या क्लाङनारोङ थप्छिन् । “सजाय

उत्तेजक रूपमा आएको छ। यसको मतलब थाईल्याण्डमा जोकोही इन्टरनेट उपभोगकर्तामाथि यस्तो हुनसक्छ।"

"यसबाट थाई इन्टरनेट समुदायमाझ भय, त्रास, नैराश्य र दिग्दारी उत्पन्न हुनेछ" अन्तर्वार्ताका क्रममा उनले चेतावनी दिइन्। "यस्तो देखिएको छ कि कम्प्युटर अपराध ऐन मानिसहरूलाई दु:ख दिने एउटा साधन नै बनेको छ। हामीलाई उनले साइबरस्पेसमा के गरेका थिए भनेर जानकारी छैन।"

"यस मुद्दाले इन्टरनेट समुदायलाई धेरै सावधान हुनेगरी एउटा सन्देश प्रवाहित गरेको छ किनभने तिनीहरूलाई सहजै लक्षित र अभियोग लगाउन सकिन्छ" सुविचाका वकिल टिरापान पान्कीरीले अदालतबाहिर आईपीएससँग बताए। "इन्टरनेट स्वतन्त्र स्थल भएन, अब उदार स्थल रहेन।" यस मुलुकका करिब ६ करोड ६० लाख मानिसमध्ये करिब १ करोड ४० लाखले इन्टरनेट प्रयोग गर्छन्। सुविचाको पीडा जनवरी १४ मा सुरु भएको थियो। त्यसबखत खनिज तेल इन्जिनियरलाई गिरफ्तार गरिएको थियो र उनीमाथि यु-ट्यूब वेवसाइटमा भिडियो क्लिप राखेको भन्दै प्रहरीले आरोप लगाएको थियो। यसले राजपरिवारलाई अपमानित गरेको ठानिएको थियो। उनले यस्तो कार्य गोप्य नामबाट गरेका थिए।

उनकी श्रीमती थिटिमा थाखोरका अनुसार प्रहरीले उनको वेव पोस्टिङ पत्ता लगाएको थियो र उनको ई-मेल पढेको थियो। "छोराछोरीलाई विद्यालयमा छोड्नासाथ उनलाई गिरफ्तार गरिएको थियो।"

सुविचाले कारागारमा समय काटेको अवधिमा अधिकारीहरूले इन्टरनेटमा आफ्ना भनाई अभिव्यक्त गर्ने अन्यमाथि समेत लक्षित गरेको थियो। वाक् स्वतन्त्रतालाई सीमित गर्ने यस्ता प्रयासहरू सुविचाको जस्तै कारणका निम्ति थियो - राजद्रोह।

पीडित हुनेमा लोकप्रिय वैकल्पिक समाचार वेवसाईट 'प्रचाताई' का सम्पादक चिरानुच प्रेमचाईपोर्न समेत थिइन्। यसले स्थानीय मिडियामा बिरलै समावेश गरिने राजनीतिक र आलोचनात्मक सामाग्रीलाई राखेको हुन्छ। उनलाई कम्प्युटर अपराध कानुनको दफा १५ उल्लङ्घनका निम्ति आरोपित गरिएको थियो।

थाईल्याण्डमा ब्लगर र इन्टरनेट उपयोगकर्तामाथि जाइलाग्नु एउटा प्रवृत्तिकै अंश बनेको छ। मुलुकका परम्परावादी राजनीतिक पक्षले राजसंस्थाको प्रतिबिम्बलाई कुनै पनि प्रकारको कलङ्कबाट मुक्त राख्ने अभियानलाई यस्ता निगरानीमार्फत् तीव्रता दिएको मान्छन्।

मुलुकको सूचना तथा सञ्चार मन्त्रालयले राजसंस्थालाई अपमानित गर्नेगरी टिप्पणी गरिएका २,३०० वेवसाईटहरू अबरुद्ध गरिएको र ४०० भन्दा बढी बन्द हुने सम्भावित सूचीमा रहेको पुष्टी गरेको छ।

न्याय मन्त्रालयले समेत १०,००० भन्दा बढी वेवसाइटलाई राजसंस्थालाई बदनाम गर्नेगरी आएका यस्तै टिप्पणीका सम्बन्धमा अनुगमन भइरहेको सार्वजनिक गरेको छ। अधिकारीहरूले १२ लाख ८० हजार अमेरिकी डलर लगानी गरी राजसंस्था विरोधी प्रतिक्रिया भएका इन्टरनेटलाई अबरुद्ध गर्ने 'फायरवाल' स्थापित गरेको कुरा प्रकाशमा आएको छ।

शक्तिमा रहेका जुन्ताद्वारा चुनिएको समितिबाट मस्यौदा गरिएको मुलुकको २००७ को संविधानमा राजसंस्थालाई संरक्षित गरेको सुनिश्चित गर्ने भाषा प्रयोग गरिएको छ। यसले भनेको छ: "राजालाई सम्मानजनक पूजनीय स्थानमा स्थापित गरिनेछ र यसलाई उल्लङ्घन गर्न पाइने छैन। कुनै पनि व्यक्तिले राजालाई कुनै पनि प्रकारको दोषारोपण र काम कारवाही गर्ने छैनन्।"

राजा भूमिबोल अदुल्यादेज, ८१, लाई मुलुकले सम्मान गरेको छ र उनी ६० वर्षभन्दा बढी समयदेखि गद्दीमा छन्।

सुविचाले त्यस्तो संवैधानिक भाषालाई उल्लङ्घन गरी इन्टरनेटमा सूचना राखेकोमा गल्ती भएको स्वीकार गरेका छन्। प्रहरीले उनलाई उत्तर-पूर्वी थाईल्याण्डस्थित घरमा गिरफ्तार गर्नासाथ उनले यस्तो बताएका थिए।

तर उनले आफूले पाएको सजायमा खासै केही गर्न सकेनन्। फैसला सुनाउनासाथ उनी रोए र उनलाई तत्पश्चात फौजदारी अदालतको भूईंतलाको ठूलो कोठामा लगिएको थियो।

"मलाई सहयोग गर। यो धेरै पिडादायी छ, अचाक्ली छ" कोठाको फलामे डण्डीभित्रबाट उनी कराए। "यो रोकिनु पर्दछ।"

# प्योङयाङको शक्ति प्रदर्शनबाट शक्तिशाली राष्ट्र उत्तेजित

– एन्टोनेटा बेज्लोभा

बेइजिङ (आई.पी.एस्./एन्.पी.आई.) – शक्तिको प्रदर्शनका निम्ति प्रारूप गरिएको उत्तर कोरियाको रकेट प्रक्षेपणको समय प्रक्षेपण जत्तिकै उत्तेजक थियो। अमेरिकी राष्ट्रपति बाराक ओबामाले आणविक हतियारको अन्त्य गर्ने आह्वानसँगै अमेरिकी आणविक हतियार न्यूनीकरण गर्न आँफैले प्रतिबद्धता व्यक्त गरी भाषण दिएकै दिन यो घटना भएको थियो ।

नेतृत्व संघर्ष र घट्दो नियन्त्रणको हल्लाबाट थल्थलिएको उत्तर कोरियाली सत्ताले सञ्चार भू-उपग्रह प्रक्षेपण गरेको भने पनि अमेरिका र यसका समर्थक राष्ट्रले अलास्कासम्म हान्नसक्ने लामो दूरी क्षमताको ब्यालिस्टिक क्षेप्यास्त्र भनी व्याख्या गरेका छन् ।

यस प्रक्षेपणले उत्तर कोरियालाई कुनै पनि प्रकारको ब्यालिस्टिक क्षेप्यास्त्रसम्बन्धी क्रियाकलापलाई प्रतिबन्ध लगाउने राष्ट्रसंघीय प्रस्तावलाई वेवास्ता गरेको थियो । समूह-२० को लन्डन सम्मेलनले विश्वव्यापी सङ्कटलाई अन्तर्राष्ट्रिय समुदायले मिलेर सामना गर्ने प्रतिबद्धता जनाएको केही दिनभित्रै यसले स्टालिनवादी राज्यको झझल्को दिएको छ ।

प्रक्षेपणलाई “उत्तेजना” को रूपमा व्याख्या गर्दै ओबामाले उत्तर कोरियाले “अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई वेवास्ता गरेको, स्व-नियन्त्रणको स्पष्ट आह्वानलाई अस्वीकृत गरेको र विश्व समुदायबाट यसले आफूलाई अझ अलग्याएको” बताएका थिए । उनले चेक गणतन्त्रको प्रागमा सम्बोधन गर्दै यस्तो बताएका हुन् जहाँ उनले आणविक निरस्त्रीकरणको दिर्घकालीन योजनाको प्रारूप प्रस्तुत गरेका थिए ।

“यस उत्तेजनापूर्ण कुराले सुरक्षा परिषद्बाट मात्र नभई यी हतियारको विस्तारलाई रोक्नेतर्फ हाम्रो प्रतिबद्धता कार्वाही गर्नेतर्फ ध्यानाकर्षित गरेको छ” उनले बताए ।

“नियमहरू बाध्यकारी हुनपर्दछ, उल्लङ्घन भएमा सजायको भागीदार हुनुपर्छ, र भनाईले केही अर्थ दिनैपर्दछ .... दरिलो अन्तर्राष्ट्रिय प्रतिक्रिया जनाउने अहिले उपयुक्त समय हो” ओबामाले थपे, “उत्तर कोरियाले बुझ्नै पर्दछ कि सुरक्षा र सम्मानको बाटो धम्की र गैरकानुनी हतियारमार्फत कहिल्यै आउन्न ।”

तर चीन र रसियाबाट संयमता र सावधानीका लागि अपिल गरिएपछि कार्वाहीका लागि ओबामाको आह्वानमा लगभग तुषारापात भएको थियो । दुवै देशले अन्तर्राष्ट्रिय प्रतिबन्धले धर्मराएको उत्तर कोरियाली अर्थतन्त्र तहसनहस गर्ने र अस्थिर उत्तरलाई थप अस्थिरतातर्फ धकेल्ने भन्दै चिन्ता व्यक्त गरेका छन् ।

उत्तर कोरियाका एकान्तप्रेमी ६७ वर्षिय नेता किम जोङ-इल र उनको शक्तिमाथिको पकडप्रति सन् २००८ को अगष्टमा मुटुरोग भएपछि अन्तर्राष्ट्रिय चासो बन्दै आएको छ ।

चिनीया विदेश मन्त्रालयको विज्ञप्तिका अनुसार चीनका विदेशमन्त्री याङ जेइचीले संयुक्त राज्य अमेरिका, रसिया, जापान र दक्षिण कोरियाली प्रक्षेपण सम्बन्धमा

छलफल गर्न आफ्ना समकक्षीलाई टेलिफोन गरेका थिए। "सबै पक्षले परिस्थितिको गम्भिरतालाई हेर्नुपर्छ .. र परिस्थिति थप खराब हुनसक्ने भएकोले कार्वाही गर्ने कुरालाई छोड्नु पर्दछ" याङको भनाई उद्धृत गरिएको छ। "चीनले यस विषलाई सुल्झाउन वार्ता गर्नुपर्नेमा जोड दिन्छ" उनले थपेका छन् ।

प्रक्षेपण गरिएको सम्बन्धमा साझा प्रतिक्रियासम्बन्धी सम्झौता तयार गर्न असफल रहेको राष्ट्रसङ्घीय सुरक्षा परिषद्को आपतकालीन बैठकको अवधिमा समेत चीनका दूतले यिनै वक्तव्यलाई आधार देखाएर सावधानी अपनाउन आग्रह गरेका थिए । "हामी अत्यन्त संवेदनशील अवस्थामा रहेको मैले सम्झेको छु" राजदूत झाङ येसुईले परिषद्को बैठकपश्चात् पत्रकारहरूलाई बताए । "सुरक्षा परिषद्को प्रतिक्रियाका सम्बन्धमा हाम्रो स्थिति भनेको यस विषयमा सावधानी अपनाउनु र सन्तुलित हुनुपर्छ भन्ने हो ।"

राष्ट्रसङ्घीय सुरक्षा परिषद्को विशेषाधिकार (भिटो) शक्ति भएको स्थायी सदस्यको हैसियतले चीनको प्रस्ताव र अडान दुवै महत्वपूर्ण हुन्छ । तर चीनको धारणाले धेरै अर्थ राख्दछ किनभने बेइजिङ प्योङयाङको सबैभन्दा नजिकको मित्र र आर्थिक साझेदार हो । चीनले उत्तरका निम्ति चाहिने तेलको करिब ९० प्रतिशत आपूर्ति गर्दछ र यसको वैदेशिक व्यापारको आधाभन्दा बढी हिस्सा ओगट्छ ।

विश्लेषकहरूले चीनले किम जोङ-इलको सत्तालाई वर्षौंदेखि टिकाइराख्न सहयोग गरेको विश्वास गर्दछन् किनभने कोरियाली सत्ता खत्तम भएमा त्यस मुलुकमा अस्थिरता आउने, शरणार्थीको बाढी आउने र आफ्नो सीमामा बढी दरिलो एकीकृत कोरिया बन्ने कुराबाट चीन तर्सिएको छ ।

यद्यपि बेइजिङले सार्वजनिक रूपमै अन्य राज्यहरूको आन्तरिक मामिलामा हस्तक्षेप नगर्ने नीतिलाई आत्मसात गरिरहेको भए पनि यसको नेतृत्वले विस्तारै आर्थिक सुधार र वाहिरको विश्वसँग बढ्दो सम्पर्क गर्दा उत्तर कोरियाली समाजले चिनीयाहरूकै पदचिन्हमा हिँड्ने आकांक्षालाई दृढतापूर्वक उठाउनुपर्छ भन्ने कुरा छाडेको छैन ।

तर सम्झौताहरूलाई उल्लङ्घन गरी युरेनियम हतियारसम्बन्धी गोप्य कार्यक्रम सञ्चालन गरिरहेको प्योङयाङको सन् २००२ मा अमेरिकी दूतलाई देशभित्र प्रवेश गर्न दिए पछि बेइजिङ थप कार्वाही गर्नेतर्फ हौसिएको थियो । चीनले तत्कालै उत्तर कोरियाको आणविक कार्यक्रमसम्बन्धी छ देशीय परामर्श प्रारम्भ गऱ्यो जसमा संयुक्त राज्य अमेरिका, उत्तर र दक्षिण कोरिया, जापान र रसिया समावेश छन् ।

सन् २००७ मा सम्पन्न ऐतिहासिक सम्झौता अन्तर्गत उत्तरले उर्जा सहयोग र कुटनीतिक छुटको बदलामा यसको आणविक कार्यक्रमलाई समाप्त गर्ने सम्झौता गरेको थियो । तर डिसेम्बरमा निरस्त्रीकरण प्रक्रियाको प्रमाणिकरणका सम्बन्धमा उत्पन्न मतभेदका कारण वार्ता विफल भयो । चिनीया विश्लेषकहरूले अमेरिका, दक्षिण कोरिया र जापानले उत्तर कोरियामाथि दबाब दिए पछि प्रक्षेपण गरिएको आक्षेप लगाएका छन् ।

"कोरियाली प्रायद्वीपको वर्तमान जटिलता सिर्जना गर्न दबाबको पक्ष व्यापक रहेको छ र यसलाई अस्वीकार गर्न सकिन्न" राष्ट्रिय सूचना केन्द्रका अनुसन्धाता लाऊ याङले चाइना बिजनेस जर्नलमा लेखेका छन् । "प्रमाणित गर्ने कुनै आधार नै नभई अमेरिका र यसका सहयोगीले उत्तरले ब्यालिस्टिक क्षेप्यास्त्र परीक्षण गर्न लागेको बताएका थिए । यसभन्दा अझ अघि बढेर तिनीहरूले सूचना भू-उपग्रह प्रक्षेपण गर्नु पनि राष्ट्रसङ्घीय प्रस्तावको उल्लङ्घन बताएका छन किनभने प्योङयाङले पृथ्वीकक्षसम्म प्रक्षेपण गर्ने क्षमताको लामो दूरीको रकेट प्रक्षेपण गरेको थियो ।"

बेइजिङस्थित रेनमिन विश्वविद्यालयमा अन्तर्राष्ट्रिय अध्ययन केन्द्रका अनुसन्धाता शि यिनहोङले जापान र अमेरिकाले यस साताको रकेट प्रक्षेपणलाई यस क्षेत्रमा आफैँले गरेको सैनिक विस्तारसँग क्षमा माग्नुपर्ने बताए ।

"उत्तर कोरियाली धम्कीलाई उनीहरूले ब्यालिस्टिक क्षेप्यास्त्र प्रतिरोध पद्धति स्थापना गर्न बाटो खोल्नेगरी उपयोग गरेका छन्" शिले प्रक्षेपणपश्चात् वेभ च्याटमा बताएका छन् ।

प्रक्षेपण सम्बन्धमा चीनको आधिकारिक प्रतिक्रिया सन् २००६ को निन्दाको तुलनामा केही नरम प्रकृतिको छ । त्यसबखत बेइजिङले प्योङयाङलाई विश्वव्यापी अन्तर्राष्ट्रिय धारणालाई वेवास्ता गरी आणविक परीक्षण गरेको भनेर खुलारूपमै आक्षेप लगाएको थिए ।

# फिलिपिन्सको डाभाओमा दण्डहीनताको यो रुप

– म्यारिना लिन्टविन्स्की

वासिङटन (आई.पी.एस्. ⁄ एन्.पी.आई.) – मानव अधिकार वाच (एचआर डब्लु) को हालै सार्वजनिक प्रतिवेदनले फिलिपिन्सको मिन्डानाओ द्वीपको डाभाओ र अन्य सहरमा लक्षित गरिएका सयौं हत्यामा शङ्कास्पद "मृत्यु दस्ताहरू" जिम्मेवार रहेको देखाएको छ ।

एकसय तीन पृष्ठको प्रतिवेदन "तपाई कुनै समयमा पनि मारिन सक्नुहुन्छः मिन्डानाओमा मृत्यु दस्ताले हत्या गरिरहेका छन्" सार्वजनिक गर्दै एचआरडब्लुका कार्यकारी निर्देशक केनेथ रोथले प्रतिवेदनमा तथाकथित डाभाओ मृत्यु दस्ता (डिडिएस) को गठन, संरचना र सञ्चालनसम्बन्धी विवरणहरू राखिएको बताएका छन् ।

"हालैका वर्षहरूमा डाभाओ सहरमा भएका लक्षित सयौं हत्याहरू छिटपुट घटना होइनन् भन्ने देखाएको छ । यी हत्याहरू योजनाबद्ध ढङ्गबाट पेशेवर हत्याराबाट भएका छन् जसमा प्रहरी अधिकृत र स्थानीय अधिकारीहरू समेत सहभागी छन्" रोथले बताए । "प्रहरीहरूले अपराधीलाई न्यायको कठघरामा उभ्याउन निरन्तर असफल भइरहेका छन् जबकी स्थानीय सरकार खुशी मनाइरहेको छ ।"

जुलाई २००८ मा एचआरडब्लुले २८ वटा दिनदहाडै भएका लक्षित हत्यासम्बन्धी मुद्दाको अनुसन्धान गरेको थियो । यस क्रममा ५० जनाभन्दा बढीसँग अन्तर्वार्ता लिएको थियो जसमा पीडितका परिवार, प्रत्यक्षदर्शी, वकिल, पत्रकार, मानव अधिकार वकालतकर्ता, र डाभाओ सहरका जनरल सान्तोस सिटी र डिगोस सिटीका सरकारी अधिकारी थिए ।

परिवारका दर्जनौं सदस्यले एचआरडब्लु समक्ष आफ्ना परिवारका सदस्यहरूलाई हत्या गरिएको बताएका थिए, सबैलाई एकै तरिकाबाट मारिएको थियो । अधिकाँश पीडितहरू लागू औषधका शङ्कास्पद बिक्रेता, स-साना अपराधी र सडकका बालबालिका थिए । पीडितमध्ये १४ वर्षसम्मका बालबालिका समावेश छन् ।

डाभाओ सहरमा भएका यी लक्षित हत्याका पीडितहरूको संख्या विगतको दशकमा निरन्तर बढेको छ । सन् १९९८ मा दुईवटा मात्र रहेको यस्तो मुद्दा सन् २००३ मा ९८ र सन् २००८ मा १२४ पुग्यो । सन् २००९ को जनवरीमा मात्र ३३ वटा यस्ता मुद्दा आइसकेका छन् ।

डिडिएसका भित्री कुरा बताउने (इन्साइडर्स) एक व्यक्तिका अनुसार, अधिकाँश सदस्यहरू या त विद्रोही पूर्व वामपन्थी न्यू पिपुल्स आर्मी (एनएपि) का लडाकुहरू छन् वा आफूलाई मृत्यु जत्थाबाट सुरक्षित राख्न सहभागी भएका युवाहरू छन् ।

एचआरडब्लुसँग कुरा गर्ने एकजनाले आफ्ना चारजना डिडिएसका सदस्य साथीहरूका बारेमा बताउँदै भने, "मृत्यु जत्थामा सामेल मेरा कोही पनि साथीहरू पढेलेखेका छैनन् त्यसकारण तिनीहरूसँग धेरै विकल्पहरू छैनन् । तिनीहरूले यही काम रुचाउँछन् किनभने अत्यन्त सुरक्षित रहेको गैरकानुनी यसै कामबाट उनीहरूलाई राम्रो आम्दानी पनि हुन्छ । तिनीहरू डराउँदैनन् किनभने उनीहरूलाई गिरफ्तार गर्ने व्यक्ति नै प्रायशः उनीहरूको मालिक हुन्छ ।"

प्रायशः प्रहरी वा भूतपूर्व कानुन कार्यान्वयन गर्नेहरूले नै डिडिएस सदस्यहरूलाई तालिम, हतियार र गोलीबारुद, मोटरसाइकल र लक्ष्यित गर्नुपर्ने व्यक्तिका विषयमा जानकारी दिन्छन् । मृत्यु दस्ताका सदस्यहरूले प्रायशः .४५ क्यालिबरको हातेबन्दुक प्रयोग गर्दछन् जुन सामान्यतः प्रहरीले प्रयोग गर्दछन् तर यो सामान्य अपराधी र दस्ताका सदस्यका निम्ति सहजै लिन महङ्गो पर्दछ ।

सञ्चालकले लक्ष्यका बारेमा प्रहरी, गाउँ वा सहरी जिल्ला अधिकारीबाट सूचना पाउने गरेको 'इन्साइडर्स' ले एचआरडब्लुलाई बताएका छन् । सञ्चालकले मृत्यु दस्ताका सदस्यलाई लक्ष्यका गोप्य नाम दिन्छन् र कहिलेकाँही ठेगाना र तस्वीर उपलब्ध गराउँछन् ।

एचआरडब्लुले हत्याको प्रकृति समेत भेट्टाएको छः आक्रमणकारीहरू सामान्यतः लाइसेन्स प्लेट नभएका मोटरसाइकलमा दुई वा तीनजना चढेर आउँछन्, तिनीहरूले बेसबल टोपी लगाउँछन् र आफ्ना हतियार लुकाउन बटन लगाएका सर्ट वा ज्याकेट लगाउँछन्, र चेतावनी समेत नदिई आफ्ना दुश्मनलाई

दिउँसै गोली हान्छन् वा छुरा प्रहार गर्दछन् ।

प्रहरी केन्द्रहरूलाई सञ्चालकले प्रहरी अधिकारीलाई ढिलो प्रतिक्रिया जनाउने गरी सुनिश्चित गर्न, अपराध गरिएको क्षेत्रबाट मृत्यु दस्ताका सदस्यहरू फुत्कन सकून् भन्नका लागि सूचित गर्दछन्। उनीहरू यस्तो हत्या कहिलेकाँही प्रहरी केन्द्र नजिकै समेत गर्दछन् ।

“आफ्ना लक्षित व्यक्तिको हत्या गर्नासाथ तिनीहरू फरार हुन्छन् - तर प्राय: जसो प्रहरी देखापर्नु अगावै भाग्छन्” रोथले बताए । “र प्रहरी समेत प्रमाण खोज्ने र अपराधीलाई ध्यान दिएर खोजी गर्नेतर्फ लाग्दैन ।”

सम्भावित शङ्कास्पद र साक्षीको नामजस्ता कुरा प्रहरीमा जानकारी उपलब्ध गराउने परिवारले बताएका छन् कि प्रहरीले या त खोजी गर्नेतर्फ कार्य गरेको पाइन्न अथवा खोजी गरेको भए पनि पीडित परिवारलाई जानकारी दिँदैनन्। धेरै मुद्दाहरूमा साक्षीहरू समेत सूचना लिएर अगाडि आउन डराउँछन् किनभने उनीहरूमाथि समेत प्रहार हुनसक्ने खतरा रहन्छ ।

डाभाओ सहरमा लामो समयदेखिका मेयर रोड्रिगो डुटर्टले शङ्कास्पद अपराधीको हत्यालाई प्रमाणित गर्ने प्रयासस्वरूप धेरैवटा वक्तव्य दिएका छन् र उनले यस्ता हत्याले अपराधलाई कम गर्न सघाएको र सहरलाई सुरक्षित स्थल बनाएको दाबी गरेका छन् । सन् २००१-२००२ मा डुटर्टले स्थानीय टेलिभिजन र रेडियोमा अपराधीको नाम घोषणा गरेका थिए र उनले नाम लिएका केही मृत्यु दस्ताको हत्यामा परेका थिए ।

सन् २००९ फेब्रुअरीमा डुटर्टले पत्रकारहरूलाई बताए, “तिमिले मेरो सहरमा गैरकानुनी काम गरिरहेका छौ भने, तिमी अपराधी हौ भने वा सहरका निर्दोष मानिसलाई हत्या गर्दछौ भने, म मेयर रहेसम्म तिमी हत्याको वैधानिक लक्ष्य हुनेछौ ।”

डुटर्ट दाबी गर्दछन् कि उनले डाभाओ सहरमा आफ्नो शासन अन्तर्गत शान्ति र कानुन हासिल गरेका छन्। तथापि, एचआरडब्लुले हत्याराहरू सडकमा दण्डहीनताको अवस्थामा खुलेआम हिँडिरहेका छन् भने सहर अत्यन्त असुरक्षित स्थल रहन्छ भनेर औंल्याएको छ ।

फिलिपिन्स राष्ट्रिय प्रहरीको तथ्याङ्क अनुसार वार्षिक अपराधका घटनाको संख्या गत दशकमा झण्डै २१९ प्रतिशतले बृद्धि भएको छ जबकी सहरको जनसंख्या २९ प्रतिशतले बढेको छ । मृत्यु दस्ताको हत्याको बढ्दो संख्याले डाभाओको अपराध दरलाई बढाएको छ, प्रतिवेदनले भनेको छ ।

एचआरडब्लुले राष्ट्रपति ग्लोरिया माक्कापागल अरयोलाई सार्वजनिक रूपमै गैरकानुनी हत्यालाई भर्त्सना गर्न आग्रह गर्दै शक्तिको गैरकानुनी प्रयोगलाई प्रोत्साहित गर्ने वा प्रबर्द्धन गर्ने प्रवृत्ति रोक्नेगरी स्थानीय तहमा अपराध विरोधी अभियान थालनी गर्ने तथा शङ्कास्पद अपराधी र सडक बालबालिकाको गैरकानुनी हत्यालाई समाप्त पार्न सम्पूर्ण आवश्यकीय कार्य गर्न माग गरेको छ ।

“अरयो सरकारले स-साना अपराधी, लागू औषधका प्रयोगकर्ता, र सडक बालबालिकाको हत्यालाई सहन नसक्ने भनी स्थानीय अधिकारी र प्रहरीलाई स्पष्ट सन्देश पठाउनु पर्दछ” रोथले बताए ।

**बाट : नेपाल प्रेस इन्स्टिच्यूट**
**थापाथली–७०७ प्रशुतिगृह मार्ग**
**पोष्ट बक्स नं. ४१२८, काठमाडौं, नेपाल**
**फोन नं. ४–२६४१५५, ४–२६६४१८**
**फ्याक्स नं. २६४१५४**

**लाई :**



नेपाल प्रेस इन्स्टिच्यूटद्वारा प्रक

npiktm@wlink.com.np